Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu**

# Press Release

Date: 2076.05.05

## राष्ट्रिय वाणिज्य बैंक लि.को विशेष साधारण सभा सम्पन्न

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विशेष साधारण सभा सम्पन्न भएको छ । विशेष साधारण सभाले बैंकले धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता सम्बन्धि कार्य गर्न सहायक कम्पनी स्थापना गर्ने सम्बन्धमा विशेष प्रस्ताब पारित गरेको छ ।

बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्को सभापतित्वमा सम्पन्न सो विशेष साधारण सभामा अध्यक्ष गुरुङ्ले प्रस्ताब प्रस्तुत गर्नुहुँदै बैंकले विभिन्न सहायक कम्पनी मार्फत व्यवसाय गरी आर्थिक सबलीकरणमा सहयोग पुर्‍याउने विचार व्यक्त गर्नुभयो । विशेष साधारण सभामा बैंकका शेयरधनीहरु क्रमश: नेपाल सरकारका महालेखा नियन्त्रकको कार्यालय, उर्जा मन्त्रालयका प्रतिनिधि तथा साधारण शेयरधनी डमरु बल्लभ घिमिरेले राख्नुभएको जीज्ञासाबारे बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्ले जवाफ दिनुभएको थियो ।

सो विशेष साधारण सभामा बैंकका संचालक समितिका सदस्यहरु रबीन्द्रलाल श्रेष्ठ, जनककुमार बराल, विद्यावारीधि सिग्देल, अर्जुनबहादुर अधिकारी, डा.माधवप्रसाद दाहाल, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी, केशबप्रसाद लम्साल, उपककार्यकारी अधिकृतहरु महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देबेशप्रसाद लोहनी तथा बैंक भित्र क्रियाशिल तीनवटै ट्रेड यूनियनका प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको थियो । विशेष साधारण सभालाई कम्पनी सचिव भोलानाथ पौडेलले सहजीकरण गर्नुभएको थियो ।

